# श्री सर्वोच्च अदालतमा चढाएको

## बहस नोट

०७२ सालको रिट नं ०७२-WO-०६६२

एक्सन नेपालको तर्फबाट र आफ्नो हकमा समेत अधिवक्ता रामचन्द्र शर्मा : निवेदक

विरुद्ध

प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय काठमाडौँ समेत : विपक्षी

मुद्धा : परमादेश

उक्त विपक्षीसंगको उक्त मुद्धामा रिट निवेदकहरुको तर्फबाट निम्नलिखित बहस नोट प्रस्तुत गर्दछु :

१. ने.का.प ०६६ अंक ९ पृष्ठ १४४८ नि. नं. ८२१७ मा नजिर प्रतिपादन गर्दै सूर्तिजन्य पदार्थको उपभोग नियन्त्रण र नियमन गर्न आवश्यक कानून बनाउन सरकारका नाउमा सर्वोच्च अदालतबाट निर्देसात्मक आदेश जारी भएपछि बनेको सूर्तिजन्य पदार्थ (नियन्त्रण र नियमन गर्ने) ऐन-२०६८ (यसपछि ऐन भनि सम्वोधन गरिएको छ) को दफा ९ (१) मा उल्लेखित सूर्तिजन्य पदार्थको उत्पादनको बट्टा लगायतको बाहिरी कुल भाग मध्ये कम्तीमा ७५ प्रतिशत भागमा चेतावनीमुलक सन्देश र घातक रंगिन चित्र छाप्नु अंकित गर्नुपर्ने प्रावधान सरकारले स्वतः स्फूर्त लागू नगरेकाले सर्वोच्च अदालतमा परेको रिट नम्बर ०६८-WO-०३८३ को परमादेश समेतको मुद्धामा उक्त प्रावधान लागू गर्न सरकारका नाउमा मिति ०७०।०९।१४ मा आदेश जारी भएपछि कार्यान्वयनमा आएको हो । सो ऐनको दफा ९ (२)मा दफा ९(१) को प्रावधान बमोजिम सन्देश र संकेत चिन्ह समय समयमा थप्ने अधिकार मन्त्रालयलार्य दिइए बमोजिम ०७२।०२।०१ देखि लागू हुने गरी २० प्रतिशतमा सन्देश र ७० प्रतिशतमा संकेत चिन्ह (घातक रंगिन चित्र) गरी पहिलाको कम्तिमा ७५ प्रतिशत भागलाई ९० प्रतिशत पुरयाउने गरी मन्त्रालयले ०७१।०७।२३ मा सूर्तिजन्य पदार्थको बट्टा,प्याकेट,रयापस,पेटी तथा पार्सल, प्याकेजिङमा चेतावनीमुलक चित्र र सन्देश छाप्ने तथा अंकित गर्ने निर्देशिका २०७१ (यसपछि निर्देशिका ०७१ भनि सम्वोधन गरिएको छ) जारी गरेकोमा सो लागू नभएको, सन्देश र संकेत चिन्ह भएको भाग भित्र पर्ने गरी अन्तशुल्क स्टीकर टाँसिएको र भारतमा समेत प्लेन प्याकेजिङ लागू भएकाले ९० प्रतिशतलाई सतप्रतिशत पुऱ्याउन बान्छनीय भएकोले ९० प्रतिशत लागू गराउन, संन्देश र संकेत चिन्ह भित्र नपर्नेगरी अन्तशुल्क स्टीकर लगाउन र सत प्रतिशत भागमा संदेश र संकेत चिन्ह पुरयाउने गरी कानून बनाउन विपक्षीहरुका नाममा परमादेश जारी गरीपाउँ भन्ने समेत व्यहोराको मुख्य रिट निवेदन दावी लिइएको छ ।

२. विपक्षी स्वास्थ्य मन्त्रालयको तर्फबाट ९० प्रतिशत चित्र र सन्देश उल्लेख नभएमा अन्तशुल्क स्टीकर नलगाई त्यसलाई नियन्त्रण गर्न क्रमश गृह र अर्थमन्त्रालयलाई अनुरोध गरिएको भन्ने समेत, विपक्षी उद्योग मन्त्रालयबाट हाम्रो के कुन काम कारबाही एवं निर्णयबाट के कुन मौलिक एवं कानूनी हक के कसरी हनन् भयो भनि स्पष्ट आरोप र कसुर नदेखाई सबैलाई एकमुष्ट आरोप लगाई दिइएको निवेदन खारेज होस भन्ने समेत, विपक्षी अर्थ मन्त्रालयबाट साल बसाली अन्तशुल्क लगाउने र राजश्वको दर क्रमश बढाउँदै लैजाने नीति लिइएको र निर्देशिका पालना भए नभएको आन्तरिक राजश्व तथा कर कार्यालयबाट अनुगमन हुने गरेको भन्ने समेत, विपक्षी गृह मन्त्रालयबाट ऐन र नियमावलीका व्यवस्था तत् तत् निकायबाट कार्यासम्पादन हुने हुँदा यस मन्त्रालयलाई विपक्षी बनाइएको निवेदन खारेज हुनुपर्छ भन्ने समेत र विपक्षी प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयबाट कार्यान्वयन गर्ने विषय निरन्तर चलिरहने प्रक्रिया हो सरकारले आफ्नो स्रोत साधन र क्षमताले भ्यायसम्म प्राथमिकता दिइ काम कारवाही गरेको भन्ने समेत व्यहोराको विपक्षीहरुको अलग अलग लिखित जवाफ रहेको छ।

३. ९० प्रतिशत पुरयाइएको निर्देशिका ०७१ लागू नगराउन र गराउन माग गरी पहिले देखि चलेका ०७१-WO-०५९९ र ०७२-WO-०१४६ को उत्प्रेषण परमादेश मुद्धा समेत साथै राखी सुनुवाई हुने गरेको र उक्त मुद्धाहरुमा उक्त ०७१ को निर्देशिका ऐनको दफा ९ (१) को परिधि बाहिर गएर मन्त्रालयले विधायिकी अधिकार प्रयोग गर्दै ७५ प्रतिशत भन्दा बढी बनाउने अधिकार विना नेपाल सरकारका सम्वन्धीत निकायले सरोकारवालाहरु संग थालिएको छलफल अवरोध गर्ने गरी राजश्व संकलनमा ठूलो सहभागिता रहेको कम्पनीको ट्रेड मार्क र ब्राण्ड समेत राख्न नपाउने गरी व्यावसायमा प्रतिकुल असर पर्ने गरी दायर रिट खारेज गर्ने भन्ने समेत व्यहोरा रहेको अवस्था।

४. संगसंगै सुनुवाई हुँदै आएका उपरोक्त रिट निवेदन र लिखित जवाफ समेतको रोहमा प्रस्तुत मुद्धामा निम्न कुराहरु ठहर गर्नुपर्ने देखिन्छ।

क) रिट निवेदन दिने हक दैया पुग्छ पुग्दैन ? .

ख) ०७१ को निर्देशिका ऐनको परिधि भित्र छ छैन ?

ग) परमादेशको आदेश जारी हुनुपर्ने हो होइन ?

५. प्रस्तुत रिट निवेदन गर्ने हक दैया पुग्छ पुग्दैन भनि ठहर गर्नुपर्ने पहिलो प्रश्न तर्फ विचारगर्दा सूर्तिजन्य पदार्थको उत्पादन र आयातले यसको उपभोगको मार्ग प्रसस्त गर्दै व्यक्तिगत र सार्वजनिक जन स्वास्थ्यमा प्रतिकुल असर पार्ने हुँदा त्यसलाई नियन्त्रण र नियमन गर्नका लागि जारी ०७१ को निर्देशिकामा सार्वजनिक सरोकार निहित रहेको स्वत:सिद्ध छ। संविधानको धारा ३० मा रहेको प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ बाताबरणमा बाच्न पाउने हकमा सूर्तिजन्य पदार्थको बढ्दो उपभोगले आघात पुरयाउनुका साथै अन्य मौलिक एवं कानूनी हक उपभोग गर्नमा समेत प्रत्यक्ष र अप्रत्यक्ष असर पुरयाउने हुँदा त्यस्तो सार्वजनिक सरोकार निहित रहेको विषय नेपालको संविधानको धारा १३३ को उपधारा २ र ३ ले सर्बोच्च अदालतको क्षेत्राधिकार भित्र राखेको र प्राकृतिक व्यक्ति अधिवक्ता रामचन्द्र शर्माको मौलिक र कानुनी हक दुबैमा र कानुनी व्यक्ति एक्सन

नेपालको ऐनको प्रस्तावना समेतमा उल्लेखित कानुनी हक प्रचलन गराउनमा सार्थक सम्वन्ध रहेकोले यो रिट निवेदन गर्ने हकदैया पुग्ने प्रष्ट देखिन्छ ।

६. ०७१ को निर्देशिका ऐनको परिधि भित्र पर्छ पर्दैन भन्ने सवालमा परिधि भित्रै रहेको निम्नकुराहरुबाट पुष्टि हुन्छ ।

क) ऐनको दफा ९(२)मा "मन्त्रालयले" भन्ने उल्लेख छ । सोही ऐनको दफा २ (ज)को परिभाषा खण्डमा मन्त्रालय भन्नाले स्वास्थ्य तथा जनसंख्या मन्त्रलाय सम्भनु पर्छ भनिएकाले निर्देशिका जारी गर्ने स्वास्थ्य मन्त्रालयलाई ऐन स्वयंले चिनेको छ ।

ख) सोही दफा ९ (२) मा "उपदफा १ बमोजिम" भन्ने उल्लेख गरी दफा ९ (१) को प्रावधानलाई  समग्रमा समेटेको छ । उक्त दफा ९ (१) एउटा मात्रै बाक्यको रहेको छ । जसमा बाहेक, तर, वा, देखी, सम्म जस्ता शब्द कहि कतै प्रयोग नगरी कम्तीमा ७५ प्रतिशत भागमा भन्ने शव्द राखि सो घटाउन बन्देज लगाउँदै सन्देश, संकेत चिन्ह र भागलाई संगसंगै समेटेको प्रष्ट देखिन्छ । अतः संकेत चिन्ह र सन्देशसंग भाग अलग्याउन खोज्नु उक्त विधायकी मनसाय बाहिर जानु हो । त्यसो गरेमा सर्बोच्च अदालतबाट ने का प ०५५ नि नं ६३७८ पृष्ठ ४२८ मा प्रतिपादित "सरल र सोभ्रो अर्थलाई आत्मपरक रुपले आफ्नो हीत रक्षार्थ प्रयोग गर्न न्यायोचित र विवेक परक होइन" भन्ने नजिर उल्लंघन हुन जान्छ ।

ग) निर्देशिका ०७१ को दफा ३(१)मा उल्लेखित ९० प्रतिशत भागमा भन्ने शव्द ऐनको कम्तिमा ७५ प्रतिशत भन्ने शव्दसंग बाभिएको पनि छैन । सूर्तिजन्य पदार्थ नियन्त्रण सम्वन्धी अन्तराष्ट्रिय अभिसन्धि (FCTC)को धारा ११ (१) (ख) को ५० प्रतिशत वा सो भन्दा बढी र ३० प्रतिशत भन्दा कम हुन नहुने भन्ने प्रावधानसंग पनि नबाभिएको कुरा रिट नं ०६८-WO-०३८३ को रिट निवेदनमा मिति ०७०।०९।१४ मा सर्बोच्च अदालत विशेष इजलासबाट भएको फैसलाले प्रष्ट पारेको छ । त्यसमाथि ऐनको दफा ९(२)मा समय समयमा थप्न सक्ने अधिकार मन्त्रालयलाई दिइएको हुँदा भविस्यमा पनि भाग थप्ने अधिकार मन्त्रालयमा सुरक्षित रहेको हुँदा मन्त्रालयलाई अधिकार छैन वा समय गुज्रेर बनाइएको भन्ने तर्क गैरकानुनी मात्रै होइन सर्बोच्च अदालतको पूर्ण इजलाशबाट उत्प्रेषण परमादेश मुद्धामाने.का.प.०७५ अंक २ नि नं ९९४५मा प्रतिपादित नजिर "अदालतले कानुनी जटिलतालाई व्याख्याको माध्यमबाट हटाउने वा पूर्ति गर्ने सम्म हो । भई रहेको कानुनी व्यवस्थालाई खल्बलाउने वा अनिश्चितता एवं जटिलता सिर्जना गर्न नहुने" भन्ने संग बाभिन जान्छ । अतः निर्देशिकाको ९० प्रतिशत भागसम्म पुरयाउने प्रावधान ऐनको परिधि भित्रै रहेको प्रष्ट देखिन्छ ।

घ) ऐनको दफा ९(१)को प्रावधानको शुरु "उत्पादकले" भन्ने शव्दबाट र अन्त्य "गर्नुपर्नेछ" भन्ने शव्दबाट गरि उक्त प्रावधान उत्पादक कम्पनीलाई बाध्यकारी बनाएको छर्लङ्गै छ । निर्देशिकाले सूर्तिजन्य पदार्थ उत्पादन कम्पनीले अंकित गर्ने सन्देशका शब्द चित्रका प्रकार र

साइज रंग गुणस्तर समेत तोकिदिएको हुँदा कम्पनीको स्वेच्छाचारिता माथि अंकुश लगाएको प्रष्टै बुझ्न सकिन्छ ।

७.) परमादेश जारी हुनुपर्ने नपर्ने सम्बन्धमा विचार गर्दा निम्न कुराले आदेश जारी गर्नुपर्ने कुराको औचित्यता पुष्टि गर्ने देखिन्छ ।

क) विनासकारी महाभूकम्प र सशस्त्र द्वन्द्वको चपेटामा मृत्यु हुनेको संख्या भन्दा बढी नेपालीको मृत्युको कारकको रुपमा रहेको सूर्तिजन्य पदार्थको उपभोगलाई चेतावनीमुलक सन्देश र घातक रंगिन चित्रको प्रभावले कमि ल्याएको र सूर्तिजन्य पदार्थ उत्पादन कम्पनीबाट बार्षिक १६ अर्व रुपैयाँ राजश्व उठने र जनस्वास्थ्यको शीर्षकमा बार्षिक ३२ अर्व खर्च भएको सरकारी आँकडाले देखाएको हुँदा ९० प्रतिशत भागमा संदेश र संकेत चिन्ह छाप्न लगाउन परमादेश जारी गरी सार्वजनिक जन स्वास्थ्य जस्तो सार्वजनिक सरोकार निहीत विषयको सम्वोधन हुन अपरीहार्य देखिन्छ ।

ख) जनताको स्वास्थ्यसंगै देशको आर्थिक सामाजिक हित अभिबृद्धि गर्नका लागि विधि संगत बनाइएका ऐन र निर्देशिका लागू नगराएर राज्य संयन्त्रले उदासिनता देखाई रहेको अवस्थामा सम्मानित सर्बोच्च अदालत पनि मुक दर्शक हुने हो भने जनताले न्याय पाउने मार्ग नै बन्द भई संविधानमा व्यवस्थित मौलिक हकको औचित्य नरहने र सर्बोच्च अदालतबाट परमादेश मुद्धामा मिति ०७४-१०-१४ को नि नं ९९६७ मा प्रतिपादित नजिर "कानुनको निर्माण भएपछि त्यसको प्रभावकारी कार्यान्वयन हुनु नै पर्दछ । व्यवस्थापन सम्वन्धि कठिनाई देखाएर कानुन कार्यान्वनय हुन नसकेको कुराको औचित्य पुष्टि हुन सक्दैन । कानुन निर्माण हुने तर कार्यान्वयन नगरिने अवस्था देखा परयो भने त्यसबाट कानून परायणताको संस्कार निर्माण नहुने, कानुनलाई छल्ने प्रबृत्ति बढ्न जाने र कानुनको शासन कमजोर बन्न जाने रहन्छ । त्यो अवस्था निश्चय नै सोभनीय नहुने ।" भन्ने संग बाँझिने हुँदा विपक्षीहरुका नाममा परमादेश जारी गरी कानूनी शासनको मान्यतालाई बढावा दिनुपर्ने देखिन्छ ।

ग) सूर्तिजन्य पदार्थ कम्पनीको तर्फबाट प्रस्तुत निवेदन, लिखित जवाफ र मन्त्रालयहरुबाट सरोकारवालाहरुलाई सम्लग्न गरी छलफल गर्न भनि भएका पत्राचार र थालिएको छलफल अवरोध गर्ने गरी रिट परेकोले खारेज हुनुपर्दछ भनि लिएको जिकीर सूर्तिजन्य पदार्थ नियन्त्रण र नियमन निर्देशिका २०७१ को २३ नम्बरमा उल्लेखित सूर्तिजन्य पदार्थको नीति निर्माणको कार्य, संयन्त्र र नियन्त्रण सम्वन्धी नीति कार्यान्वयनको कार्यमा उत्पादकलाई सहभागी गराउन हुँदैन भन्ने प्रावधान विपरित छ । त्यसैगरी ९० प्रतिशत भागमा सन्देश र संकेत चिन्ह अंकित गर्दा उत्पादक कम्पनीको ट्रेड मार्क र ब्राण्ड उल्लेख गर्न नपाइएको जिकिर त झन् ऐनको दफा ७ (३) को ब्राण्ड वा ट्रेड नाम राखी सूर्तिजन्य पदार्थ उत्पादन गर्न नपाउने प्रावधान विपरित छ । जहाँसम्म उपभोक्ता संरक्षण ऐनले उल्लेख गर्नुपर्ने मात्राको सवाल छ त्यो उपभोक्ता हितको लागि राखिएको र सूर्तिजन्य पदार्थ उपभोगमै

कमी ल्याउन टेवा पुरयाउने संकेत चिन्ह र सन्देश ले नै उपभोक्ता हीतको बढी रक्षा गर्ने हुँदा र बेलायत, अष्ट्रेलिया लगायतका देश प्लेन प्याकेजिङमा गइसकेकाले ९० प्रतिशतलाई सत प्रतिशत पुरयाउन झनै बान्छनीय रहेकोले आदेश जारी हुन पर्ने नै पुष्टि हुन्छ । अतः कानुन विपरितका पत्र र जिकीरको कुनै कानूनी मूल्य नहुने हुँदा र निवेदक मध्यको प्रफेक्ट ब्लेन्डसले ९० प्रतिशतको प्रावधान व्यवाहारमा लागू गरि स्वीकारी सकेको समेत हुँदा निर्देशिका ०७१ को ९० प्रतिशत भागमा संकेत चिन्ह र सन्देश अंकित गर्नुपर्ने प्रावधान लागू गराउन परमादेशको आदेश जारी गर्नुपर्ने देखिन्छ ।

घ) ऐनको दफा ९ को उपदफा (१) र (२) मा मन्त्रालयले सन्देश र संकेत चिन्ह सहितको भाग समय समयमा थप गर्न सक्ने प्रावधान रहेको, निर्देशिका ०७१ जारी गर्दा सो को प्रस्तावनामा दफा ९ को उपदफा १ मात्र उल्लेख भएता पनि उपदफा २ प्रमाण ऐन २०३१ को दफा ५ ले स्वयं जानकारीमा रहने विषयमा पारेको र सर्बोच्च अदालतबाट बन्दी प्रत्यक्षी करणको मुद्धामा मिति ०७३।०१।२० मा नि नं ९७४४ मा फैसला गर्दै एउटा दफाको प्रयोग गर्दा अन्य दफाहरुको सम्वन्धलाई नजरअन्दाज गर्न मिल्दैन भनि नजिर समेत प्रतिपादन भएको हुँदा विधायिकाले मन्त्रालयलाई कानुन बनाउने अधिकार दिए नदिएको कुरा नै प्रमुख रहेको र सो दफा ९ को उपदफा (१) र (२) दुबैबाट अधिकार दिएकै देखिँदा ऐनले प्रत्यायोजित गरेकै अधिकारको सिमा भित्र रही बनेको निर्देशिका लागू गराउन विपक्षीको नाममा आदेश जारी गर्नु कानुनी दृष्टिले समेत औचित्यपूर्ण देखिन्छ ।

८.) अतः माथि उल्लेखित कानुन एवं नजिरहरु समेतको आधारमा सन्देश र संकेत चिन्ह भएको ९० प्रतिशत भागमा नपर्ने गरी अन्तशुल्कको स्टिकर लगाउन, निर्देशिका ०७१ बमोजिम २० प्रतिशत चेतावनीमुलक सन्देश र ७० प्रतिशत भागमा घातक रंगिन चित्र अंकित गर्ने प्रावधान अनिवार्य लागू गराउँदै उक्त ९० प्रतिशतको भागलाई सत्प्रतिशत सम्म पुरयाउने गरी कानूनी प्रवन्ध गर्न विपक्षीहरुका नाममा परमादेशको आदेश जारी गरी पाउँ ।

९) लेखिएको व्यहोरा साँचो हो झुटो फरक ठहरे कानुन बमोजिम सहुँला बुझाउँला ।

**<u>बहस नोट प्रस्तुतकर्ता :</u>**
**अधिवक्ता रामचन्द्र शर्मा**

इति सम्वतः २०७५ मंसिर २३ गते रोज १ शुभम्